# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०१।०६ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

------------------------------------------------

जिल्ला रुपन्देही, पश्चिम क्षेत्रीय प्रहरी तालिम केन्द्र, बुटवल दरबन्दी भई प्रदेश प्रहरी तालिम केन्द्र ४ नं. प्रदेश पोखरामा कार्यरत प्रहरी नायव निरीक्षक दिनेश रेग्मीले झुट्टा शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सरकारी सेवामा प्रवेश गरेकोले छानबिन गरी पाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज प्रहरी नायव निरीक्षक दिनेश रेग्मीले माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश, वोर्ड अफ हाइस्कूल एण्ड इन्टरमिडियट एजुकेशन यू.पी. भारतबाट इन्टरमिडियट परीक्षा उत्तीर्ण गरेको झुट्टा शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी बढुवा समेत लिएको देखिँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) को कसुर गरेको पुष्टि हुन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता